# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ पुस २०  गते

## सशस्त्र द्वन्द्वकालीन समयमा भएका मानव अधिकार हननका घटनाबारे सिफारिस

राष्ट्रिय मानव अधिकार आयोगले सशस्त्र द्वन्द्वकालीन समयमा भएका मानव अधिकार हननका चारवटा घटनाबारे परेको उजुरीमाथि अनुसन्धान गरी पीडितलाई क्षतिपूर्ति दिन र दोषीलाई कानुनी कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ।

म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा २०६० साल चैत ७ गते तत्कालीन बिद्रोही नेकपा माओवादीद्वारा गरिएको आक्रमणमा परी जनधनको क्षति भएको सम्बन्धमा आयोगले स्वविवेकीय आधारमा ग्रहण गरेको उजुरीका सम्बन्धमा प्रत्येक मृतकको हकवालालाई रू. तीन लाख क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गरिएको छ।

सोही घटनामा परी घाइते भएका व्यक्ति र त्यहाँको भौतिक क्षतिबारे कार्यदल गरी त्यसले उपलब्ध गराएको तथ्याङ्कबमोजिम सम्बन्धित व्यक्तिहरूलाई पर्याप्त र उचित क्षतिपूर्ति दिन सिफारिस गरिएको छ।

यसैगरी सो घटनामा द्वन्द्वरत पक्षले अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन गरेको पाइएको भन्दै दोषीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न पनि सिफारिस गरिएको छ।

रामेछाप जिल्लाको सालु गाविस वडा नं. ६ मा रहेको एक होटलमा कार्यरत टेकराज घिसिङलाई सुरक्षाकर्मीले २०६० साल पुस २७ गते गोली हत्या गरेको भन्ने उजुरीको सम्बन्धमा मृतकको हकवालालाई रू. तीन लाख क्षतिपूर्ति उपलब्ध गराउन र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न  सिफारिस गरिएको छ।

काभ्रेपलाञ्चोक जिल्लाको पोखरीचौरी गाविस बस्ने बद्री तिवारीलाई सुरक्षाकर्मीले २०५९ माघमा गोली हानी हत्या गरेको भन्ने उजुरीको सम्बन्धमा मृतकका हलवालालाई रू. तीन लाख क्षतिपूर्ति उपलब्ध गराउन र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनी कारबाही अघि बढाउन सिफारिस भएको छ।

सोही घटनामा तत्कालीन बिद्रोही पक्ष नेकपा माओवादीका कार्यकर्ताहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको  उल्लङ्घनकर्ताको रूपमा अभिलेख राखी कानुनी कारबाही गर्न-गराउन सिफारिस गरिएको छ।

मोरङ जिल्लाको विराटनगर उपमहानगरपालिका घर भई काठमाडौ डेरा गरी बस्ने रुद्र चापागाईंलाई सुरक्षाकर्मीले २०६२ साल वैशाख ७ गते गोली हानी हत्या गरेको भन्ने उजुरीको सम्बन्धमा मृतकका हलवालालाई रू. तीन लाख क्षतिपूर्ति उपलब्ध गराउन र दोषी सुरक्षाकर्मीको पहिचान गरी कानन बमोजिम कारबाही गर्न पनि सिफारिस गरिएको छ।

......................

मोहना अन्सारी

प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org